# सम्मरीमाई गाउँपालिका
SAMMARIMAI RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPALITY EXECUTIVE

फरेना रुपन्देही
FARENA, RUPANDEHI

लुम्बिनी, प्रदेश नेपाल
Lumbini, Province Nepal

प.स./Ref No.२०८१/०८२
च.न./DispatchNo.

मिति:२०८१/०४/१५

### आर्थिक वर्ष २०८०/०८१ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना !!!

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१), निजामति सेवा ऐन, २०४९ को दफा ५४ तथा निजामति सेवा नियमावली, २०५० को नियम ११८ को उपनियम (१) र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका सम्पूर्ण जनप्रतिनिधि/पदाधिकारि, कर्मचारी, शिक्षकहरुले आर्थिक बर्ष समाप्त भएको ६० (साठी) दिनभित्र आफ्नो सम्पति विवरण बुझाउनुपर्ने व्यवस्था रहेको छ । साथै आ.व. २०८०/०८१ को सम्पत्ति विवरण निर्धारित ढाँचामा भरी छुट्टाछुट्टै खाम बन्दी गरी खाम बाहिर देहाय बमोजिमको विवरण सहित जनप्रतिनिधि/पदाधिकारि, स्थानिय तहका कर्मचारी(स्थायी र करार) र शिक्षक (करार) को हकमा सम्मरीमाई गाउँकार्यपालिकाको कार्यालय मार्फत प्रदेश मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थायी शिक्षकहरुको हकमा शिक्षक किताबखाना र निजामति कर्मचारीको हकका सिधै राष्ट्रिय किताबखानामा निर्धारित समयमा आफ्नो सम्पत्ति विवरण अनिवार्य दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै तोकिएको समयावधिभित्र सम्पत्ति विवरण पेश नगरेमा रु.५,००० (पाँच हजार रुपैया) जरिवानाका साथै पुनः सम्पत्ति विवरण पेश गनुपर्ने भएकोले सम्पत्ति विवरण भर्न/भराउन सम्बन्धित सबैमा अनुरोध छ ।

सम्पति विवरणको खाम बाहिर उल्लेख गर्नुपर्ने विवरणः

२०८१/४/१५
तुलसी प्रसाद गाथी
प्रमुख प्रशासकीय अधिकृत

| कर्मचारीहरुको हकमाः | जनप्रतिनिधिहरुको हकमाः | शिक्षकहरुको हकमाः |
|---|---|---|
| आ.व.२०८०/०८१कोसम्पत्ति विवरणः<br>कर्मचारीसकेतनः श्रेणी/तहः<br>नाम थरः पद/दर्जाः<br>कार्यरतकार्यालयः सेवा/समूहः<br>मोबाइल नं.: इमेल ठेगानाः | आ.व.२०८०/०८१को सम्पत्ति विवरणः<br>नाम थरः प्रदेशः<br>जिल्ला : स्थानिय तहकोनामः<br>हालको पद/दर्जा : वडानं.<br>मोबाइल नं.: इमेल ठेगानाः | आ.व.२०८०/०८१को सम्पत्ति विवरणः<br>शिक्षक संकेत नं.: तहः<br>नाम थरः जिल्लाः<br>कार्यरत विद्यालयः श्रेणीः<br>मोबाइल नं.: इमेल ठेगानाः |

Email:-sammarimairm@gmail.com
ito.sammarimai@gmail.com
Website:-sammarimaimun.gov.np
Office Phone No:-9779857016956